annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५ पृष्ठ ८ | काठमाडौं, सोमबार २२ वैशाख २०८२ | वैशाख शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | MONDAY, MAY 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी


# उत्पादन र उत्पादकत्व बढाइने, निजी क्षेत्रलाई प्रोत्साहन


मुलुकको अर्थतन्त्र तथा विकास निर्माणमा बाह्य ऋण तथा सहायताको ठूलो स्थान छ। अर्कोतिर, सन् २०२६ मा नेपाल विकासशील राष्ट्रको रूपमा स्तरोन्नति हुँदैछ। त्यसपछि नेपालले प्राप्त गर्ने सहायताको लागत क्रमशः बढ्ने, अनुदान सहायता घट्दै जाने र सहुलियतपूर्ण ऋण भुक्तानी अवधि कम हुन्छ। त्यसका लागि वैदेशिक सहायता परिचालनमा छनौटपूर्ण हुनुपर्ने अवस्था आउनेछ। त्यसैकारण वैदेशिक सहायता परिचानमा उत्पादन र उत्पादकत्व बढाउने र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति जारी गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




## ट्रम्पद्वारा गल्फ राष्ट्रका नेताहरूसँग उच्चस्तरीय भेटघाट गर्ने तयारी



**रियाद** (एजेन्सी): अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस महिनाको अन्त्यतिर साउदी अरबको रियादमा गल्फ सहयोग परिषद् (जीसीसी) का सदस्य राष्ट्रका नेताहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको साउदी सरकारसँग निकट स्रोतले जानकारी दिएको छ।

मे १३ देखि १६ सम्म हुने यो भ्रमणमा राष्ट्रपति ट्रम्प साउदी अरब, कतार र संयुक्त अरब इमिरेट्सको भ्रमण गर्नेछन्। यो उनको दोस्रो कार्यकालको पहिलो आधिकारिक विदेश भ्रमण हुनेछ। 'राष्ट्रपति ट्रम्पले रियादमा जीसीसीका नेताहरूलाई भेट्नुहुनेछ,' स्रोतले बताए। जीसीसीमा साउदी अरब, यूएई, बहराइन, कतार, कुवेत र ओमान समावेश छन्। बैठकको उद्देश्य राजनीतिक तथा आर्थिक सहकार्यलाई सुदृढ बनाउनु रहेको जनाइएको छ।

यात्राको पूर्वसन्ध्यामा, अमेरिकी सरकारले साउदी अरबसँग ३.५ अर्ब अमेरिकी डलर बराबरको मिसाइल बिक्री सम्झौता स्वीकृत गरेको छ। राष्ट्रपति ट्रम्पले साउदी अरबसँग भएका ठूला व्यापारिक सम्झौताहरूको चर्चा गर्दै आएका छन्। साउदी अरबले हालैका वर्षहरूमा रसिया-युक्रेन विषयमा अमेरिकी कूटनीतिमा सकारात्मक भूमिका खेलेको छ।

यो भ्रमणको समय अमेरिकाले इरानसँग वार्ता सुरु गरेको समयमा परेको छ, जसको केन्द्रबिन्दु तेहरानको आणविक कार्यक्रम हो। राष्ट्रपति ट्रम्पले इरानमाथि प्रतिबन्ध कडाइका साथ कार्यान्वयन गर्ने चेतावनी दिँदै अन्तर्राष्ट्रिय समुदायलाई इरानी तेल बहिष्कार गर्न आग्रह गरेका छन्।

सन् २०१८ मा पहिलाको आणविक सम्झौता तोडेका ट्रम्पले अब नयाँ सहमति कायम गर्ने आशा व्यक्त गरे, जसले क्षेत्रीय तनाव घटाउने र सम्भावित सैन्य कारबाही रोक्ने अपेक्षा गरिएको छ।

# विकल पौडेललाई २ वर्ष कैद र ४० करोड जरिवाना

## सेक्युरिटी प्रिन्टिङ मेसिन खरिद प्रकरण

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सेक्युरिटी प्रिन्टिङ मेसिन खरिदमा भएको भ्रष्टाचारमा विशेष अदालतले सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेललाई दोषी ठहर गरेको छ। विशेषले सेक्युरिटी प्रिन्टिङ मेसिन खरिदमा ४० करोड ७५ लाख ५७ हजार ७४० रुपैयाँ भ्रष्टाचार भएको ठहर गरेको छ। विशेषले पौडेललाई २ वर्ष कैद र १३ करोड ५८ लाख ५२ हजार ५८० रुपैयाँ जरिवानाको सजाय सुनाएको छ। उनीविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम १ वर्ष ६ महिना कैद र कार्यकारी निर्देशकको भूमिकामा रहेकाले थप ६ महिना कैद सजाय हुने ठहर गरिएको हो।

अख्तियारले पौडेलसहित तीनलाई दोषी करार गरेको हो। म्याक्स इन्टरनेसनल प्रालि र म्याक्सका सीईओ अकबर हुसेनलाई पनि दोषी ठहर गरिएको छ। उनीहरूविरुद्ध दामासाहीले जरिवाना तोकिएको छ। विशेषका अध्यक्ष एवं टेकनारायण कुँवर, न्यायाधीशद्वय तेजनारायण सिंह राई र रामबहादुर थापाको संयुक्त इजलासले प्रिन्टिङ मेसिन खरिदमा भ्रष्टाचार भएको भन्दै यो फैसला सुनाएको हो। पौडेलले खरिद प्रक्रियाका प्रायः सबै चरणमा आफैं सक्रियता लिई दुई छुट्टाछुट्टै शीर्षकअन्तर्गतको बजेलाई एउटै प्याकेज बनाइ खरिद गुरुयोजना र कार्यान्वयन योजना एवं स्वीकृत कार्यभन्दा बाहिर पेपर बेस्ड र कार्ड बेस्ड मेसिन खरिदिका लागि बजेट एकै शीर्षभित्र पारी दुईवटा पेपर बेस्ड प्रिन्टिङ मेसिन खरिद गरेको देखिएको फैसलामा उल्लेख छ।

दुईवटा छुट्टाछुट्टै कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रलायद्वारा तयार पारिएको कार्यान्वयन योजना सही मन्त्रालयका सचिवद्वारा स्वीकृत भएको गुरुयोजनाअनुरुप खरिद प्रक्रिया अघि बढाउनु पर्ने बाध्यात्मक अवस्थालाई अन्यथा मान्न नमिल्ने विशेषको फैसलामा उल्लेख छ। यो प्रकरणमा ४० करोड ७५ लाख ५७ हजार ७४० रुपैयाँ भ्रष्टाचार भएको ठहर गरेको छ।

म्याक्स इन्टरनेसनल प्रालि र म्याक्सका सीईओ अकबर हुसेनविरुद्ध १३ करोड ५८ लाख ५२ हजार ५८० जरिवाना र १ वर्ष ६ महिना कैद सजायको फैसला भएको छ। फैसलामा भनिएको छ, 'प्रतिवादी म्याक्स इन्टरनेसनल प्रालि कानुनी व्यक्ति भएको कारण कैद सजाय गरिरहन परेन।



अर्का प्रतिवादी अकवर हुनेसलाई मुख्य प्रतिवादी विकल पौडेललाई ठहर भए सरहको १ वर्ष ६ महिना कैद हुने ठहर्छ।' हुसेनले श्रीमतीको नाममा दर्ता रहेको कम्पनीमार्फत स्पेशीफिकेसन र दरभाउ उपलब्ध गराई आफ्नो कम्पनीमार्फत खरिदको सम्पूर्ण कार्य गरेका गराएको देखिएको पनि अदालतको फैसलामा उल्लेख छ।

साथै विशेषले पौडेल, म्याक्स इन्टरनेसनल प्रालि र म्याक्सका सीईओ अकबर हुसेनले जनही ५४ लाख ३४ हजार १०३ रुपैयाँ क्षतिपूर्ति शुल्कबापत पीडित राहत कोषमा दाखित गर्नुपर्ने ठहर गरेको सूचना अधिकृत यज्ञराज रेग्मीले जानकारी दिए।

प्रिन्टिङ मेसिन खरिदका लागि ७६ करोड रुपैयाँ विनियोजन भएकोमा खरिद गुरुयोजना र कार्यान्वयन योजना एवं स्वीकृत कार्यक्रमभन्दा बाहिर गई पेपर बेस्ड र कार्ड बेस्ड प्रिन्टिङ मेसिन खरिद गरी ४० करोड ७५ लाख ५७ हजार ७४० रुपैयाँ हानी नोक्सानी भएको ठहर अदालतले गरेको छ। कार्ड बेस्ड प्रेस मेसिनरी सफ्टवयेर तथा हार्डवयर रिलेटेड इक्विपमेन्टको ३० करोड र पेपर बेस्ड प्रेस मेसिनरी सफ्टवयेर तथा हार्डवयर रिलेटेड इक्विपमेन्टको ४६ करोड बजेट विनियोजन भएको देखिन्छ।

अन्य प्रतिवादीहरू सफल श्रेष्ठ, नवीनकुमार पोखरेल, हरिवल्लभ घिमिरे र खड्कबहादुर थापा कार्यकारी निर्देशक पौडेलको निर्देशअनुसार खरिद प्रक्रियामा सहभागी भएकाले बदनियतपूर्ण संलग्नता नरहेको भन्दै उनीहरूलाई सफाइ दिएको छ। यसअघि पनि भ्रष्टाचार कसुरमा पौडेल जेल सजाय भोगिरहेका छन्। सुरक्षण मुद्रण केन्द्रमा भ्रष्टाचार आरोपमा विशेषले २०८१ जेठ ८ गते २५ करोड ४७ लाख बिगो असुल र त्यति नै रकम जरिवाना तथा २ वर्ष कैद सजायको फैसला गरेको थियो। विकल पौडेलविरुद्ध मुद्दैमुद्दा छन्।

## बेलायतमा आतंकवादविरुद्धको अनुसन्धानमा ८ पक्राउ

**लन्डन** (एजेन्सी): बेलायती प्रहरीले आतंकवाद विरोधी दुई छुट्टाछुट्टै अनुसन्धानमा ७ इरानी नागरिकसहित ८ जनालाई पक्राउ गरिएको जनाएको छ।

लन्डनको महानगरीय प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'एउटा अपरेसनमा चार जना इरानीसहित पाँच जनालाई 'आतंकवादी गतिविधिको तयारी गरेको' आशंकामा पक्राउ गरिएको छ।' लन्डन, स्विन्डन र ग्रेटर म्यानचेस्टर क्षेत्रमा 'आतंकवादी अपराध' गर्न खोजेको आशंकाामा उनीहरूलाई पक्राउ गरिएको हो।

ती पुरुष २९ देखि ४६ वर्ष उमेर समूहका रहेका र उनीहविरुद्ध आतंकवादविरोधी प्रहरीले शनिबार 'कुनै खास परिसरलाई निशाना बनाउने शंकास्पद षड्यन्त्र' गरेको आरोपमा पक्राउ गरेको थियो।

चारै जना इरानी नागरिकलाई आतंकवाद ऐनअन्तर्गत पक्राउ गरिएको थियो भने पाँचौं व्यक्ति, जसको राष्ट्रियता अझै पुष्टि हुने काम भइरहेको छ, प्रहरी र आपराधिक प्रमाण ऐनअन्तर्गत हिरासतमा लिइएको हो।

गृहमन्त्री यवेट कुपरले 'राष्ट्रिय सुरक्षा खतरा' प्रति बेलायतको प्रतिक्रियाको एक हिस्साका रूपमा यी 'गम्भीर अभियान' चालिएको बताएका छन्।

# एमालेको निचोड : सरकार ढाल्ने प्रयास शिथिल

**अन्नपूर्ण** | *काठमाडौं*

एमालेले पार्टीको नेतृत्वको वर्तमान सरकार ढाल्ने प्रयास निस्तेज भएको निश्कर्ष निकालेको छ। केन्द्रीय कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले आफ्नो नेतृत्वको सरकार ढाल्ने कसरत शिथिल भएको निचोड निकालेको हो। बैठकले मुलुक राजनीतिक स्थायित्व र नीतिगत स्थिरताको बाटोमा अघि बढिरहेको निश्कर्ष निकालेको छ। उपमहासचिव प्रदीप ज्ञवालीले मुलुक मूलतः राजनीतिक स्थायित्व र नीतिगत स्थिरताको बाटोमा अघि बढेको बताए। उनले स्थिरतालाई खलबल्याउने प्रयासहरू कमजोर हुँदै गएको निष्कर्ष पनि बैठकले निकालेको जानकारी दिए।

'यद्यपि यो स्थिरतालाई खल्बल्याउन र यसलाई कमजोर पार्नका निम्ति विभिन्न पक्षहरू क्रियाशील पनि भइरहेका छन्, उनले भने, 'तर उनीहरूको प्रयास सफल नहुने, त्यो प्रयास कमजोर बन्दै गएको र मुलुक राजनीतिक स्थायित्वको दिशामा अघि बढेको बैठकले निष्कर्ष निकालेको छ।' उनले पार्टीलाई आगामी निर्वाचनमा बहुमत प्राप्त बलियो




शक्ति बनाउन एमालेलाई एकताबद्ध बनाउने निर्णय गरेको पनि जानकारी दिए।

उनले पार्टीलाई बहुमतसहितको बलियो राष्ट्रिय शक्ति बनाउन एमालेको सबै सामर्थ्य प्रयोग गर्ने निर्णय भएको बताए। उनले भने, 'पार्टीलाई आगामी निर्वाचनमा बहुमत प्राप्त बलियो शक्ति बनाउनका लागि पार्टी सम्पूर्ण एकताबद्ध गर्न र पार्टीभित्रको सम्पूर्ण ऊर्जालाई, पार्टीभित्रको सामर्थ्यलाई एकताबद्ध भएर अघि बढाउनका लागि थप प्रयास गर्ने।'

एमालेले आन्तरिक समस्या पार्टीभित्रबाट समाधान हुनुपर्ने निष्कर्ष पनि निकालेको छ। उपमहासचिव ज्ञवालीले पार्टीभित्रका समस्याहरूलाई राष्ट्रिय राजनीतिमा बिसाउन नहुने एमालेको निष्कर्ष रहेको बताए।

» बाँकी पृष्ठ ६

## टीआरसी सकारात्मक ढंगले अघि बढिरहेको छ

प्रधानमन्त्री केपी शर्मा ओली र विपक्षी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच आइतबार भेटवार्ता भएको छ। भेटवार्तामा संक्रमणकालीन न्याय (टीआरसी)सम्बन्धी विषयमा छलफल भएको छ। एमालेको सचिवालय बैठकबीचैमा छोडेर प्रधानमन्त्री ओलीले प्रचण्डसँग भेटवार्ता गरेका थिए। वार्ता सकारात्मक भएको माओवादी केन्द्रले जनाएको छ।

माओवादी केन्द्रले संक्रमणकालीन न्याय (टीआरसी)सम्बन्धी विषय सकारात्मक ढंगले अघि बढिरहेको बताएको छ। भेटवार्ता सहभागी रहेका माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले टीआरसी सकारात्मक ढंगले अघि बढिरहेको बताए। उनले भने, 'टीआरसी सकारात्मक ढंगले अघि बढिरहेको पायौं,' उनले भने। टीआरसीलाई छिटो टुंगोमा पुऱ्याउन प्रधानमन्त्री केपी शर्मा ओलीले गम्भीर भएर लागेको उनले बताए। उनले टीआरसी टुंग्याउनका लागि बनाइएको आयोगका पदाधिकारीका विषयमा पनि छलफल भएको जानकारी दिए। सरकारले आह्वान गरेको आवेदकहरूको सूची सार्वजनिक भएपछि यो विषय विवादमा तानिएको छ। अहिले पीडित र सरोकारवालाले उक्त सूचीप्रति आपत्ति जनाउँदै दलका नेताहरूलाई ध्यानाकर्षण गराउँदै आएका छन्।

» बाँकी पृष्ठ ६